# बैठक नं. ८२

आज मिति २०७७ असोज २७ गते मंगलबार दिनको ५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

यस कीर्तिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई यस नगरपालिकाद्वारा नियमित तलब बाहेक अन्य थप सुविधा (भत्ता ) समेत उपलब्ध गराई रहेकोमा हाल कोरोना महामारीद्वारा सृजना गरिएको यस विषम परिस्थितिमा स्वास्थ्य सामाग्री खरिद लगायत PCR ल्याब संचालन समेत गर्नका लागि अत्यावधिक बजेट खर्च भईरहेको अवस्थामा नगरपालिकाको बजेटलाई मध्यनजर गर्दै कर्मचारीहरुको सेवा सुविधालाई यथावत राख्दै आगामी दिनमा कर्मचारीको तलब तथा सेवा सुविधा सम्बन्धमा लेखा शाखाको प्रतिवेदनलाई मध्यनजर गर्दै आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति २०७७/०६/०५ गतेको स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा प्रकाशित सूचना बमोजिम यस कीर्तिपुर नगरपालिका, वडा नं.९ र १० स्थित कीर्तिपुर खेलमैदानका लागि प्रस्तावना पेश गर्ने र उक्त योजना सम्पन्नका लागि लागत अनुमानको ३०% यस नगरपालिकाको तर्फबाट साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख संयोजक रहने गरी गठीत नगर शिक्षा समितिमा तपशिल बमोजिमका २ जना जनप्रतिनिधिहरु मनोनयन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री मन्जु बुढाथोकी | की.न.पा, वडा नं. ६, चारघरे | |
| २ | श्री चिनीकाजी श्रेष्ठ | की.न.पा, वडा नं. १०, ढोकाफल | |

निर्णय नं.४

यस नगरपालिकामा गत आ.व. २०७६/०७७ को चालु आ.व.२०७७/०७८ मा अल्या भई आएका योजनाहरु चालु आ.व.२०७७/०७८ को पुष मसान्तभित्रमा सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**

नजिकिदै आएको नेपालीहरुको महानचाड वडा दसै तथा मोहनी नखः सन्दर्भमा हालको कोरोना भाइरस संक्रमणको अवस्थालाई मध्यनजर गर्दै सम्पूर्ण नगरवासीहरुमा सुरक्षित भई आफ्नै घर घरमा नै बसी दसै मनाउनु हुन आह्वान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>**

कीर्तिपुर नगरपालिका वडा नं. ९ निवासी श्री निल कुमारी महर्जन, वर्ष ४६ को विगत केही समय देखि क्यान्सर रोग (Breast Cancer) भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजात र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको हुदाँ श्री निल कुमारी महर्जनलाई निजको उपचार खर्च बापत रू. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।